# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०९।२४ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये राजस्व चुहावट गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०९।२४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

**देहायः**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु लुम्बध्वज महत, उमेश प्रसाद ढकाल र चुडामणि शर्मा ढकाल कर फछ्यौट आयोगका पदाधिकारीहरु उपर ०७४-CR-०००१ र पुरक आरोपपत्रको रुपमा पेश भएको ०७७-CR-०११७ को मुद्दा<br><br>फैसला मिति २०८०।०३।५ | कर निर्धारण गर्दा अनियमितता (राजस्व चुहावट) गरी भ्रष्टाचार गरेको। | कर फछ्यौंट आयोग, २०७१ का पदाधिकारीहरूले बक्यौता कर सम्बन्धमा प्रदान गरिएको अधिकार तथा तोकिएको जिम्मेवारी असल नियतका साथ ईमान्दारीपूर्वक पुरा गरेको नदेखिएको भन्ने आधार लिई ०७४-CR-०००१ को मुद्धामा ४५ करदाताहरूको बिभिन्न कर शीर्षकमा बक्यौता रहेकोमा कर फछ्यौंट आयोगका पदाधिकारीहरूले आपसी कुराकानीलाई मात्र आधार लिई कर छुट दिने गरी सम्झौता गरी बदनियपुर्वक रू.१०,०२,१९,०१,८४२।- (अक्षरुपी दश अर्ब दुई करोड उन्नाईस लाख एक हजार आठ सय बयालीस रुपैयाँ) बक्यौता कर छुट दिएको देखिई तथ्य एवं प्रमाणहरुबाट कर फछ्यौंट आयोगका पदाधिकारीहरूले कर फछ्यौंट आयोग ऐन, २०३३ को दफा १७ बमोजिम असल नियतले आफ्नो कार्य सम्पादन नगरी आफूलाई व्यक्तिगत लाभ तथा राज्यलाई हानिनोक्सानी पुऱ्याई बदनियतपुर्ण कार्य गरेको पुष्टि हुन आएको हुँदा प्रतिवादीहरू लुम्बध्वज महत, उमेश प्रसाद ढकाल र चुडामणी शर्मा ढकालको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र दफा ७ को देहाय (क) | **<u>फैसलाः</u>**<br><br>कर फछ्यौट आयोगका पदाधिकारीहरुले उल्लेखित ०७४-CR-०००१ को मुद्धामा मागदावी लिइएको बिगो रू.१०,०२,१९,०१,८४२।– मध्ये रु.५,७१,७५,६६,४६९/- मात्र बिगो कायम गरी रु.४,३०,४३,३५,३७३।— बिगोमा कसुर ठहर नगरेको र पुरक आरोपपत्रको रुपमा पेश भएको ०७७-CR-०११७ को मुद्दामा मागदाबी लिइएको बिगो रु.१,००,३३,२०,३८५।—मध्ये रु.४३,९४,८०,३७८/- मात्र बिगो कायम गरी रु. ५६,३८,३९,९९८।— बिगोमा कसुर ठहर नगरेको सम्वन्धमा प्रतिवादीहरु लुम्बध्वज महत, उमेश प्रसाद ढकाल र चुडामणि शर्मा ढकाल उपर दुवै मुद्दामा गरी जम्मा रु.११,०२,५२,२२,२२७/- विगो मागदावी रहेपनि रु.४,८६,८१,७५,३८०/- (चार अर्ब छयासी करोड एकासी लाख पचहत्तर हजार तीन सय असी रुपैयाँ) बराबरको बिगो कायम भएको फैसला देखिएको।<br><br>**<u>बिगो कायम गरेको सम्वन्धमा लिइएका आधारहरु</u>**<br><br>क) कुनै करदाताको कर तिर्ने क्षमता, आर्थिक स्थिति, व्यवसायको प्रकृति एवम् स्थान, कानूनको व्याख्या तथा निर्णय, समानस्तरका करदाता वा समान किसिमको कारोवार वा व्यवसायमा संलग्न करदाताको सो आर्थिक बर्षमा कायम गरिएको कारोवार अंक वा खुद करयोग्य आय, आयोगलाई मनासिव लागेका अन्य बस्तुनिष्ठ आधारहरूमा आपसी सहमतिबाट कर निर्धारण गर्ने कार्यविधिलाई स्वीकार गरेकोमा सोको विपरीत करदातासँग कर फछ्यौंट सम्झौता गर्दा बिना आधार कारण कतिपयमा बक्यौता करको जम्मा एक प्रतिशत लिई बाँकी कर मिनाहा दिने कार्य गरेको देखिएको।<br>ख) प्रतिवादीहरूले आफैले बनाएको कार्यविधि पालना नगरी मनोगत ढंगले कर छुट दिई सम्झौता गरेको देखिन आएको।<br>ग) आयोगलाई नेपाल सरकारले दिएको कार्यविवरण र क्षेत्राधिकारभन्दा बाहिर गई कर छुट दिएको।<br>घ) कर वापतको साँवा रकमसमेत मिनाहा दिएको। | क) प्रतिवादीहरु लुम्बध्वज महत, उमेश प्रसाद ढकाल र चुडामणि शर्मा ढकाल उपर दुवै मुद्दामा ( ०७४-CR-०००१ र पुरक आरोपपत्रको रुपमा पेश भएको ०७७-CR-०११७ ) गरी जम्मा रु.११,०२,५२,२२,२२७/- विगोको मागदावी रहेपनि रु.४,८६,८१,७५,३८०/- (चार अरब छयासी करोड एकासी लाख पचहत्तर हजार तीन सय असी रुपैयाँ बराबरको बिगो कायम फैसला भएको हुँदा बिगो कायम नगरेको हदसम्म फैसला त्रुटिपूर्ण रहेको।<br>ख) कर फछ्यौट आयोग ऐन, २०३३ ले दिएको क्षेत्राधिकार भन्दा बाहिर गई सम्मानित सर्वोच्च अदालतमा बिचारधिन रहेको बिषयमा प्रवेश गरी बदनियतपुर्ण रुपमा कार्य प्रणालीमा समाबेश गरी गरेको कर फछ्यौटलाई बैधानिकता दिने गरी बिगोमा नजोडिएको फैसला त्रुटिपूर्ण रहेको।<br>ग) कर फछ्यौट गर्दा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएको सिद्धान्त समेतको पालना गरेको अवस्था देखिदा देखिदै कर फछ्यौट कार्य वदनियत साथ गरेको भन्ने पुष्टि भएपनि उल्लेखित छुट दिइएको बिषयलाई बिगो कायम नगरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>घ) कर फछ्यौट कार्य प्रणाली, २०७१ ले उल्लेख गरेको कर निर्धारण तथा फछ्यौटका आधारमा कर निर्धारण तथा फछ्यौट गरे नगरेको सम्वन्धमा प्रमाणको बिश्लेषण नै नगरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>ङ) विल बिजकहरू नक्कली रहेकोमा त्यस्ता करदातालाई कर छुट दिन नमिल्नेमा छुट दिएको भन्ने आरोप दावी लिइएकोमा आरोपपत्रमा उल्लेख भएबमोजिम उक्त करदाताहरूले नक्कली बिल प्रयोग गरेको भन्ने सक्षम निकायबाट निर्णय भएको नदेखिएकोले सोतर्फको आरोप दावी पुग्ने देखिएन भन्ने आधार लिई बिगोमा गणना नगरी फैसला भएकोमा मिसिल संलग्न प्रमाणमा फर्महरुको कर निर्धारण तथा प्रशासकीय पुनरावेदनमा विल बिजकहरू नक्कली रहेको बिषय समावेश भएको रहेकोमा क्षेत्राधिकार बाहिर गई कर छुटको सम्झौता |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) र दफा ७ बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइएको। साथै ०७७-CR-०११७ को मुद्दामा ७६ करदाताहरूको बिभिन्न कर शीर्षकमा कर बक्यौता रहेकोमा कर फछ्र्यौट आयोगका पदाधिकारीहरूले आपसी कुराकानी (Negotiation) लाई मात्र आधार लिई सूचित आदेश र कानूनको अख्तियारीको वदनियत पूर्वक प्रयोग गरी कर छुट दिने गरी सम्झौता गरी मनोमानी किसिमले बदनियत पूर्वक रु.१,००,३३,२०,३८५।- (अक्षरेपी एक अर्ब तेत्तीस लाख बीस हजार तीन सय पचासी रुपैयाँ) बक्यौता कर छुट दिएको पुष्टी हुन गएको। तत्कालीन कर फछ्र्यौट आयोगका पदाधिकारी रहेका यी प्रतिवादीहरूले कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा १७ बमोजिम असल नियतले आफ्नो कार्य सम्पादन नगरी आफूहरुलाई व्यक्तिगत लाभ तथा राज्यलाई हानि नोक्सानी पुऱ्याई बदनियतपूर्ण कार्य गरेको पुष्टि हुन आएको हुँदा प्रतिवादीहरू लुम्बध्वज महत, उमेश प्रसाद ढकाल र चुडामणी शर्मा ढकाल (तत्कालीन महानिर्देशक, आन्तरिक राजस्व विभाग) को उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र | ङ) करदाताले तेश्रो पक्षबाट उठाएको वा उठाउनु पर्ने कर र मूल्य अभिवृद्धि कर, अन्तःशुल्क जस्ता छुट दिनै नमिल्ने करहरु समेत छुट तथा मिनाहा दिने सम्झौता गरेको।<br>च) करदाताले कर फछ्र्यौटको लागि मागै नगरेको अवधिको र मागै नगरेको विषयको कर फछ्र्यौट गर्ने गरी करदातासँग सम्झौता गरेको,<br>छ) नक्कली मूल्य अभिवृद्धि कर विजक प्रयोग गरेको ठहर भएका करदाताहरुसँग आयोगको क्षेत्राधिकार विपरीत कर फछ्र्यौट सम्झौता गरेको।<br>ज) आयोगको क्षेत्राधिकार २०६९/७० सम्मको कर फछ्र्यौटको लागि निर्धारण भएकोमा सो अवधि पछिको समेत कर मिनाहा हुने गरी सम्झौता गरेको करदाताले तिरिसकेको कर रकम आयोगको कार्य अवधि पछिको सम्बन्धित करदाताले तिर्नुपर्ने कर रकममा मिलान गरी सम्झौता गरेको।<br>झ) करदाताले स्वयं घोषणा गरेको र भुक्तानीमा संकलन गरेको अग्रिम कर समेत छुट दिएको, केही करदातासँग भएको सम्झौतामा कर फछ्र्यौट मिनाह गर्नुपर्ने कुनै पनि आधार र कारण उल्लेख नगरी सम्झौता गरेको देखिएको।<br>ञ) कर फछ्र्यौट आयोगले करदातासँग सम्झौता गर्दा कर छुट दिनुपर्ने औचित्य, आधार र कारण समेत नखुलाई के कति कर बक्यौता थियो, कति मिनाहा गरेको हो भन्ने समेत उल्लेख नगरिएको तथा न्यून रकममा सम्झौता गरेको कारण पहिले करदाताले बुझाएको रकमसमेत बढी हुन गई बक्यौता असुलीको सट्टा राज्यकोषमा जम्मा भएको रकम उल्टै फिर्ता दिनु परेको कारण राज्यलाई थप हानिनोक्सानी पुगेको देखिएको।<br>ट) आपराधिक कार्यबाट नै प्रतिवादीहरूको बदनियत र मनसाय तत्त्व खोजिने र हेरिने विषय भएको र प्रतिवादीहरूले गरेको कार्यको प्रकृति, सम्भावित परिणाम र सो परिणाम ल्याउन निजहरूले चालेको कदमहरूको समग्रतामा दावीको कसुर गर्ने प्रतिवादीहरूको मनसाय र बदनियत पुष्टि हुन आएको।<br>ठ) जम्मा विगोको दामासहीले हुने रु.२,०५,२३,४८,९४९/- जनही विगो कायम भई प्रतिवादीहरु लुम्बध्वज महत, उमेश प्रसाद ढकाल र चुडामणि शर्मा ढकाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ बमोजिम विगोको दोब्बर रु.४,१०,४६,९७,८९८/- (चार अरब दश करोड छयालिस लाख सन्तानब्बे हजार आठ सय उन्ठानब्बे रुपैयाँ) जनही जरिवाना भई सोही ऐनको दफा ३(१)(झ) बमोजिम कर | भएकोमा बिगोमा गणना नगरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>च) तत्कालीन सार्वजनिक लेखा समितिको निर्देशन अनुसार सामान्यतया करको साँवा रकममा नघटने गरी मात्र फछ्यौट गर्नु पर्नेमा सो निर्देशन बिपरीत करदाताले दिएको निवेदनको गलत व्याख्या र अर्थ गरी कर फछ्यौट आयोगका पदाधिकारीहरुले नेपाल सरकारलाई राजस्वमा नोक्सानी पुऱ्याएको रकमलाई समेत सदर गरी कसुर ठहर तथा बिगो ठहर नगरी भएको फैसला त्रुटीपूर्ण रहेको।<br>छ) क्षेत्राधिकार नाघी बदनियतपूर्वक मागदावी नै नरहेको समेत कर फछ्र्यौट गरेको भन्ने मिसिल सम्लग्न प्रमाणहरुवाट देखिएकोमा प्रमाणको बिश्लेषण नगरी बिगो कायम नगरी भएको फैसला त्रुटीपूर्ण रहेको।<br>ज) मुद्दासँग सम्वन्धीत मिसिलमा स्पष्ट रुपमा नक्कली बिजक प्रयोग भएको भन्ने खुलीरहेको प्रस्तुत वारदातको कसुर ठहर तथा बिगो समेत कायम नगरी भएको फैसला त्रुटीपूर्ण रहेको।<br>झ) नेपाल सरकारको राजश्व चुहावट गरी नोक्सानी पारेको देखियो भन्ने व्यहोरा उल्लेख गरे पनि प्रस्तुत वारदातका सम्वन्धमा कसुर कायम तथा बिगोमा नजोडि भएको फैसला त्रुटीपूर्ण रहेको।<br>ञ) करदाता कार्यालयले सर्वोच्च अदालतमा पुनरावेदन जाने अवधि बाँकी छँदै सो पुनरावेदन जाने अबस्थालाई रोक्न राजस्व न्यायाधिकरणबाट कार्यालयमा फाइल प्राप्त हुनासाथ सक्कल फाइल माग गरी कर फछ्र्यौटका नाउँमा करदातालाई फाइदा पुऱ्याउने बदनियत्ले करदातासँग सम्झौता गरी राजस्व चुहावट गरेको पुष्टि भएपनि कसुर ठहर तथा बिगो कायम नगरी भएको फैसला त्रुटीपूर्ण रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दफा ७ को देहाय (क) मा परिभाषित कसुर गरेको पुष्टि हुन आएकोले प्रतिवादीहरू लुम्बध्वज महत, उमेश प्रसाद ढकाल र चुडामणी शर्मा ढकाल (तत्कालीन महानिर्देशक, आन्तरिक राजस्व विभाग) उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले उल्लेख गरेबमोजिम विगो रू.१,००,३३,२०,३८५।— कायम गरी दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र दफा ७ बमोजिम जरिवाना सजाय हुन विशेष अदालत ऐन, २०५९ को दफा ९ समेतको आधारमा मागदाबी लिई पुरक आरोपपत्र समेत दायर भएको। | फछ्र्यौट आयोगको अध्यक्ष रहेका प्रतिवादी लुम्बध्वज महतलाई ९/१ (नौ वर्ष एक महिना) र आयोगको सदस्य रहेका प्रतिवादीहरु उमेश प्रसाद ढकाल र चुडामणि शर्मा ढकाललाई दफा ३(१)(झ) बमोजिम ९(नौ) वर्ष कैद सजाय हुने ठहर गरेको।<br>**<u>बिगो कायम नगरेको सम्वन्धमा लिइएका आधारहरु</u>**<br>**ड)** ऐनले दिएको भन्दा बढी अधिकार प्रदान गर्ने गरी नेपाल सरकारले कर फछ्र्यौट आयोग गठन आदेशको सूचना जारी गरेको भन्ने आरोप दावी नभएको तथा त्यस्तो विषयमा यस अदालतको अधिकारक्षेत्र समेत भएको नदेखिदा आयोगले गठन आदेशको सूचनामा उल्लेख भएबमोजिम गरेको सो हदसम्मको कार्य अन्यथा भन्ने देखिएन।<br>**ढ)** कानूनी व्यवस्था र आयोग गठन आदेशमा उल्लिखित आयोगको कार्यदिशभित्र झुट्टा मूल्य अभिबृद्धि कर बिजक प्रयोग गरेको बाहेकका अन्य सबै प्रकारका बक्यौता कर समावेश गरेको देखिदा आयोगले कर निर्धारणमा चित्त बुझाई बसेको करदाताको बक्यौता कर पनि मिनाहाको लागि सम्झौता गर्न र पुनः कर निर्धारण गर्न सक्ने देखियो।<br>**ण)** सम्झौतामा आधार र कारण उल्लेख गरेको र अदालत तथा न्यायिक निकायमा विचाराधीन मुद्दामा गठन आदेशबमोजिम सम्झौता गर्न सकिने देखिदा आरोपदावीसँग सहमत हुन नसकिएको।<br>**त)** सम्झौतासमेतका कागजातहरू हेर्दा आ.व. ०६४/०६५ र ०६५/०६६ मा "कुनै जर्ति नै नदिई कर निर्धारण गरेको, एकातर्फ क्राउनकर्क नपुगेको र अर्कोतर्फ जर्ति नपुगेको भनी दोहोरो कर निर्धारण गरेको" भन्ने समेतका आधारहरू मिति २०७२।६।२९ को सम्झौतामा उल्लेख भई आयोगले कानून र गठन आदेशको सूचनाबमोजिम सम्झौता गरेको देखिदा आयोगको उक्त सम्झौता मनासिवै देखिएको। | |